# स्थानीय राजपत्र

## कैलारी गाउँपालिद्वारा प्रकाशित

खण्ड : १    संख्या : २    मिति : २०८१/०२/३०

भाग - २

सुदूरपश्चिम प्रदेश, कैलारी गाउँपालिका, हसुलिया, कैलाली


# कैलारी गाउँपालिकामा रहेका वन जंगल तथा वातावरण संरक्षण सम्बन्धी ऐन, २०८०

-गाउँ सभाबाट अनुमोदित मिति : २०८०.१२.२२

**प्रस्तावना**

कैलारी गाउँपालिका भित्र रहेको वनलाई दिगो व्यवस्थापन गरी सामुदायिक तथा निजी अधिकारको सुनिश्चितता, जलवायु परिवर्तन न्यूनीकरण एवं अनुकूलन, जैविक विविधता संरक्षण, वातावरणीय सेवाको प्रवर्द्धन, पर्यापर्यटन एवं वन उदयमको विकास गर्दै वन पैदावार, तालतलैयाहरुको सदुपयोग र वनबाट प्राप्त लाभको न्यायोचित वितरण गर्दै दिगो वन विकास, सामाजिक र आर्थिक समृद्धि गर्न कैलारी गाउपालिका क्षेत्रभित्र सञ्चालनमा आएका सामुदायिक वनहरुको सञ्चालन, व्यवस्थापन, संरक्षण तथा सम्वर्द्धन गर्न वाञ्छनीय भएकोले संविधानको अनुसूची-९ को संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीमा रहेको वन तथा वन्य जन्तु सम्वन्धी व्यवस्था अनुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (४) को खण्ड (ङ) ले दिएको अधिकार प्रयोग गरी कैलारी गाउँपालिकाले यो ऐन वनाई जारी गरिएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "कैलारी गाउँपालिकामा रहेका वन जंगल तथा वातावरण संरक्षण सम्बन्धी ऐन, २०८०" रहेको छ।

(२) यो ऐन गाउँ सभाबाट पारित भई राजपत्रमा प्रकाशित भए पछि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "ऐन" भन्नाले स्थानीय सरकार सचालन ऐन, २०७४ सम्झनु पर्दछ।

(ख) "गाउँपालिका" भन्नाले कैलारी गाउँपालिका सम्झनु पर्दछ।

(ग) "सभा" भन्नाले कैलारी गाउँपालिकाको गाउँ सभा सम्झनु पर्दछ।

(घ) "गाउँ कार्यपालिका" भन्नाले कैलारी गाउँ कार्यपालिका भन्ने सम्झनु पर्दछ।

(ङ) "अध्यक्ष" भन्नाले कैलारी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कैलारी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(छ) "वन" भन्नाले पूर्ण वा आंशिक रुपले रुखहरुले ढाकिएको क्षेत्र सम्झनु पर्दछ र सो शब्दले संघीय, प्रदेश कानून र यस ऐन बमोजिम सञ्चालित वन समेत सम्झनु पर्दछ।

(ज) "वन पैदावार" भन्नाले वनमा रहेको वा पाइएको वा वनबाट ल्याइएको देहायको पैदावार सम्झनु पर्दछ।

१. काठ, दाउरा, गोलीया, खैरकच, खोटो, काठको तेल, बोक्रा, लाहा, पिपला, पिपली वा

२. रुख, पात, फल, फूल, महुवा, चिराइतो र सबै प्रकारका जङ्गली जडीबूटी, वनस्पती तथा तीनका विभिन्न भाग वा अंश वा

३ चट्टान, माटो, ढुङ्गा, गिट्टी, बालुवा वा पशुपंछी, वन्यजन्तु र पशुपन्छी वा वन्य जन्तुको आखेटोपहार।

(ज) "सामुदायिक वन" भन्नाले वन ऐन, २०४९ तथा नियमावली २०५१ बमोजिम जिल्ला वन कार्यालयमा दर्ता गरी सञ्चालनमा रहेका र संघीय, प्रदेश कानून र यस ऐन बमोजिम कैलारी गाउँपालिकामा दर्ता भई सञ्चालन हुने सामुदायिक वन समेत सम्झनु पर्दछ।

(झ) "वन क्षेत्र" भन्नाले निजी स्वामित्वको हक भोगको र प्रचलित कानूनले अन्यथा व्यवस्था गरेको बाहेकको वन सिमाना लगाइएको वा नलगाइएको वनले घेरिएको वा वन भित्र रहेको घाँसे मैदान, बाटो, पोखरी, तालतलैया, सिमसार, नदी, खोलानाला, बगर, पर्ति वा ऐलानी जग्गाले ओगटेको क्षेत्र समेतलाई जनाउँछ।

(ञ) "समिति" भन्नाले संघीय, प्रदेश कानून र यस ऐन बमोजिम सामुदायिक वन सञ्चालन तथा व्यवस्थापनका लागि गठित समिति सम्झनु पर्दछ।

(ट) "उपभोक्ता समूह" भन्नाले संघीय, प्रदेश कानून र यस ऐन बमोजिम सामुदायिक वनको व्यवस्था तथा उपयोग गर्न दर्ता भएको उपभोक्ता समूह सम्झनु पर्दछ।

कैलारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कैलाली नेपाल



... समझ चौधरी
गा.पा. अध्यक्ष

(ठ) "औजार" भन्नाले वन क्षेत्रमा आवाद वा खनजोत गर्न प्रयोग गरिने सबै किसिमका कृषि औजार तथा रुख बिरुवा ताछ्ने, काट्ने, खुकुरी, बन्चरो, आरा, तथा मेशिन समेत सम्झनु पर्दछ ।

(ड) "बोझ वाहक" भन्नाले गाडा, ट्रक, लहरी, मोटर, ट्याक्टर, नाउ, डुङ्गा वा वन पैदावार लादी ल्याउने यस्तै प्रकारका अन्य साधन वा जनावर समेत सम्झनु पर्दछ ।

(ढ) "चौपाया" भन्नाले जुनसुकै जातको पाल्तु चार खुट्टे जनावर सम्झनु पर्दछ ।

(ण) "टाँचा" भन्नाले काठ वा खडा रुखमा लगाइने छाप, चिन्ह वा निशाना सम्झनु पर्दछ ।

(त) "गस्ती" भन्नाले वन पैदावार चोरी निकासी रोक्न, वन क्षेत्रमा सुरक्षा कायम गर्न तथा असामान्य स्थितिको नियन्त्रण गर्न वा वन संरक्षण गर्नका लागि खटाइएको टोली वा व्यक्तिले सावधानी पूर्वक घुम्ने, रेखदेख गर्ने, पहरा वा रखवारी गर्ने कार्य सम्झनु पर्दछ ।

(थ) "समन्वय समिति" भन्नाले यस ऐनको दफा १४ बमोजिम गठित पालिका स्तरीय समन्वय समिति सम्झनु पर्दछ ।

(ध) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले संघीय, प्रदेश कानून र यस ऐन बमोजिम गाउँ कार्यपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिमको व्यवस्था सम्झनु पर्दछ ।

## परिच्छेद -२

## सामुदायिक वन सम्बन्धी व्यवस्था

<u>३. वनको सिमाना निर्धारण</u>:-(१) वन सम्बन्धी प्रचलित संघीय कानून बमोजिम प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले यस कैलारी गाँउपालिकामा कार्यपालिकासँग समन्वय र छलफल गरी सामुदायिक वन उपभोक्ता समूहका साथै आवश्यकता अनुसार वन सिमानामा रहेको निजी जग्गावालाहरुलाई समेत सहभागी गराई राष्ट्रिय वनको सिमाना निर्धारण गरी वन सिमाना चिन्ह लगाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम वन सिमाना निर्धारण गरी तयार गरिएको नक्शामा यस कैलारी गाँउपालिकाको अध्यक्षले प्रमाणित गरी सोको एक प्रति यस कैलारी गाँउपालिकामा र एक प्रति प्रदेश सरकारको वन सम्बन्धी कार्यालयमा जानकारी दिनु पर्नेछ।

<u>४. वन सिमानाका लागि जग्गा प्राप्त गर्न सक्ने</u>:-(१) दफा ३ बमोजिम वनको सिमाना कायम गर्दा वन संरक्षणको दृष्टिकोणले आवश्यक भएमा वनको सिमानासँग जोडिएका सार्वजनिक जग्गा वा निजी जग्गा वा त्यस्तो जग्गामा रहेका कुनै भौतिक संरचनाहरु समेत यस कैलारी गाँउपालिकामा कार्यपालिकासँग छलफल गरी संघीय कानून बमोजिम वनको सिमाना भित्र पारी वन सिमाना कायम गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम घरजग्गा समेत वन सिमाना भित्र पार्नु पर्ने भएमा घरजग्गा प्राप्ति र सोको क्षतिपूर्ति सम्बन्धी व्यवस्थावन सम्बन्धी संघीय कानून बमोजिम हुनेछ।

(३) वन सिमाना भित्र परेको निजी जग्गाको वन सम्बन्धी संघीय कानून बमोजिम लगत कट्टा गर्नु पर्नेछ।



रामफल चौधरी
गा.पा. अध्यक्ष

(४) राष्ट्रिय वनमा परेको निजी जग्गाको लगत कट्टा गरिएमा प्रदेश सरकारको वन सम्बन्धी कार्यालय र मालपोत कार्यालयले सोको जानकारी यस कैलारी गाँउपालिकाको कार्यपालिका समक्ष दिनु पर्नेछ र यस कैलारी गाँउपालिकाले सोही बमोजिम निजी जग्गाको भूमी कर सम्बन्धी लगत कट्टा गर्नु पर्नेछ।

**५. वन सम्वन्धी भू स्वामित्व** : (१) यस कैलारी गाँउपालिकाको क्षेत्र भित्र रहेको वन माथिको भू-स्वामित्व सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

(क) यस कैलारी गाँउपालिकाको क्षेत्र भित्र रहेका सार्वजनिक जग्गाहरु माथिको भू-स्वामित्व यसै कैलारी गाँउपालिका निहित रहनेछ।

(ख) यस कैलारी गाँउपालिकामा राष्ट्रिय वनको रुपमा रहेका वन क्षेत्रका जग्गामा माथिको भू-स्वामित्व वन सम्बन्धी प्रचलित संघीय कानून बमोजिम नेपाल सरकारमा रहनेछ।

(ग) सामुदायिक वन लगायतका समुदायमा आधारित वन क्षेत्रका जग्गांहरु सामुदायिक जग्गाको रुपमा रहनेछन्।

(२) प्रथा जनित रुपमा संरक्षण र व्यवस्थापन हुँदै आएका वनहरुमा परम्परागत रुपमा स्थापित सम्वन्धित प्रथा जनित संस्थाको अधिकार रहनेछ।

(३) नेपाल सरकारले यस कैलारी गाँउपालिकामा रहेको राष्ट्रिय वन क्षेत्रको भू–उपयोग परिवर्तन, भोगाधिकार प्रदान वा अन्य कुनै किसिमले कसैलाई हक हस्तान्तरण गर्ने निर्णय गर्नु पूर्व यस कैलारी गाँउपालिकाको कार्यपालिका, सम्बन्धित वन उपभोक्ता समूह र कुनै स्थानमा प्रथा जनित संस्था भएमा सोको समेत सहमति लिनु पर्नेछ।

<u>६. वन व्यवस्थापन प्रणाली</u>:-(१) यस कैलारी गाँउपालिकामा रहेको राष्ट्रिय वनलाई सामुदायिक वन र आवश्यकता अनुसार समुदायमा आधारित अन्य वन वा प्रथा जनित वनको रुपमा व्यवस्थापन गरिनेछ।

(२) विभिन्न किसिमका वन व्यवस्थापन प्रणालीहरु मध्ये सामुदायिक वन व्यवस्थापन प्रणालीलाई प्राथमिकता दिनु पर्नेछ।

(३) यस कैलारी गाँउपालिकाको सार्वजनिक जग्गामा रहेको वनलाई सामुदायिक वनको रुपमा विकास र व्यवस्थापन गर्न सकिनेछ र उपभोक्ता समूहले सार्वजनिक जग्गामा रहेको वन व्यवस्थापन नगरेमा कैलारी गाँउपालिका आफैले वा कुनै संघ संस्थाका माध्यमाबाट व्यवस्थापन गर्न गराउन सक्नेछ।

७. **सामुदायिक वन उपभोक्ता समूहको दर्ता सम्बन्धी व्यवस्था** : (१) संघीय, प्रदेश कानून तथा यस ऐन बमोजिम सञ्चालन भएका र सञ्चालन हुने सामुदायिक वनका उपभोक्ता समूहहरुले यो ऐन प्रारम्भ भएको मितिले तीन महिना भित्र यस गाउँपालिकामा दर्ता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दर्ता हुने उपभोक्ता समूहहरुले रु. ५००।- को नगदी रसिद काटी समूहको विधान सहित प्रमुख प्रशासकीय अधिकृत समक्ष अनुसूची -१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पर्न आएका निवेदन उपर आवश्यक जाँचबुझ गरी प्रमुख प्रशासकीय अधिकृतले अनुसूची -२ बमोजिमको ढाँचामा उपभोक्ता समूह दर्ताको प्रमाण पत्र उपलब्ध गराउनु पर्नेछ ।

८. **दर्ता नवीकरण सम्बन्धी व्यवस्था** : (१) संघीय, प्रदेश कानून र यस ऐन बमोजिम गठित सामुदायिक वन उपभोक्ता समूहले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र वन सरक्षणको लागि तोकिएको रकम गाउँपालिकाको कोष खातामा जम्मा गरी भौचर सहित गाउँपालिकामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकारीले आवश्यक जाँचबुझ गरी समूह दर्ताको प्रमाण पत्रमा नवीकरण गर्नेछ ।

९. <u>वन क्षेत्रमा विकास आयोजना सञ्चालन</u> :-(१) वन क्षेत्रमा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना वा राष्ट्रिय गौरवको योजना सञ्चालन गर्ने, क्षतिपूर्ति प्रदान गर्ने र वन क्षेत्रको पूनःस्थापना गर्ने सम्वन्धी व्यवस्थाहरु वन सम्बन्धी प्रचलित संघीय कानून बमोजिम हुनेछ ।

(२) राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना वा राष्ट्रिय गौरवको योजना बाहेक अन्य आयोजनाका लागि वन क्षेत्रको प्रयोग गर्न पाइने छैन।

तर यस कैलारी गाउँपालिकाले आफ्ना स्थानीय विकास आयोजनाको लागि वन क्षेत्र प्रयोग गर्नु पर्ने भएमा प्रभावित स्थानीय समुदायसँगको सहमतिमा वन सम्बन्धी प्रचलित संघीय कानून बमोजिमको प्रक्रिया अवलम्बन गरी नेपाल सरकारको स्वीकृती लिई वन क्षेत्र प्रयोग गर्न सक्नेछ।

(३) यस कैलारी गाउँपालिकाको नक्शामा वन क्षेत्रको रुपमा रहेको तर वन कायम नरहेका विभिन्न किसिमका सार्वजनिक प्रयोजनका लागि उक्त वन क्षेत्रको जग्गा उपयोग भइरहेको अवस्था रहेमा उक्त वन क्षेत्रको जग्गालाई सोही सार्वजनिक प्रयोजनका लागि उपयोग गरी सो वन क्षेत्रको जग्गा बराबर उपयुक्त जग्गामा वन क्षेत्रको विकास गर्न सकिनेछ।



कैलारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, कैलाली ... सुदूरपश्चिम प्रदेश, नेपाल

... चौधरी अध्यक्ष

CamScanner

१०. वन क्षेत्र प्रयोग गर्दा क्षतिपूर्ति दिनु पर्ने:-(१) कुनै पनि प्रयोजनका लागि वन क्षेत्र प्रयोग गर्दा सो बाट प्रभावित हुने उपभोक्ता समूह र प्रथा जनित संस्थाहरुसँग पूर्व सूचित सहमति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम वन क्षेत्र प्रयोग गर्दा कुनै प्रभाव पर्ने भएमा सम्बन्धित उपभोक्ता समूह र अन्य प्रभावित समुदायलाई प्रचलित कानून बमोजिम क्षतिपूर्ति उपलब्ध गराउनु पर्नेछ ।

(३) राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना, राष्ट्रिय गौरवका आयोजना र अन्य कुनै पनि विकास आयोजनाले वन क्षेत्र प्रयोग गर्ने क्रममा प्राप्त भएका वन पैदावार सम्बन्धित उपभोक्ता समूहलाई उपलब्ध गराई उक्त वन पैदावार कटान, संकलन, ओसारपसार र घाटगद्दी गर्दा लाग्ने खर्च सम्बन्धित विकास आयोजनाले व्यहोर्नु पर्नेछ।

११. वन क्षेत्रमा पर्ने नदीजन्य खनिज पदार्थको प्रयोग:-(१) यस कैलारी गाँउपालिका अन्तर्गतको राष्ट्रिय वन क्षेत्रमा पर्ने नदीजन्य साधारण निर्माणमूखी खनिज पदार्थको संकलन तथा प्रशोधन सम्बन्धी कार्य गर्दा वातावरण संरक्षण सम्बन्धी प्रचलित संघीय कानून बमोजिमको प्रक्रिया अवलम्बन गरी यस कैलारी गाँउपालिकाले निर्धारण गरे बमोजिमको नदीजन्य साधारण निर्माणमूखी खनिज पदार्थको मूल्य र स्थानीय कर भुक्तानी गरे पश्चात मात्र उत्खन्न गर्न पाइनेछ।

(२) राष्ट्रिय वन क्षेत्रमा पर्ने नदीजन्य साधारण निर्माणमूखी खनिज पदार्थको संकलन तथा प्रशोधन गर्दा नेपाल सरकार र प्रदेश सरकारको प्रचलित मापदण्डहरुका साथै स्थानीय सरकार संञ्चालन ऐन २०७४ बमोजिम यस कैलारी गाँउपालिकाले तर्जुमा गरेका मापदण्डहरुको समेत पालना गर्नुपर्नेछ।

(३) सामुदयिक वन क्षेत्रमा पर्ने नदीजन्य साधारण निर्माणमूखी खनिज पदार्थ संकलन गर्दा सम्वन्धित उपभोक्ता समूहको समेत पूर्व सहमति लिनु पर्नेछ।

(४) राष्ट्रिय वन क्षेत्रमा नदीजन्य साधारण निर्माणमूखी खनिज पदार्थ बाहेक अन्य खनिज पदार्थको सर्वेक्षण तथा उत्खन्न गर्दा खानी तथा खानिज पदार्थ, वन र वातावरण संरक्षण सम्वन्धी प्रचलित संघीय कानून बमोजिम गर्नु पर्नेछ।

(५) यस कैलारी गाँउपालिकाले राष्ट्रिय वन क्षेत्रमा पर्ने नदीजन्य साधारण निर्माणमूखी खनिज पदार्थको विक्री वितरणबाट प्राप्त रकम मध्ये कम्तिमा २५ प्रतिशत रकम सम्बन्धित वन उपभोक्ता समूहमार्फत प्रभावित क्षेत्रको वन तथा वातावरण संरक्षणमा खर्च गर्नु पर्नेछ।

(६) सामुदायिक वन क्षेत्रमा रहेको नदीजन्य साधारण निर्माणमूखी खनिज पदार्थ उत्खन गर्नु पर्ने भएमा उपभोक्ता समूहको वन व्यवस्थापन कार्य योजनामा व्यवस्था गरी गाँउपालिकासंग सहकार्य गरी सम्वन्धित उपभोक्ता समूहले त्यस्तो खनिज पदार्थ विक्री गर्न सक्नेछ।

कैलारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हसुलिया, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल



... चौधरी ... अध्यक्ष

१२. वन क्षेत्रमा वातावरणीय मापदण्डको पालना:-(१) वातावरण संरक्षण सम्बन्धी प्रचलित संघीय कानून बमोजिम वातावरणीय अध्ययन गर्नु पर्ने भनी निर्धारण भएका प्रस्तावहरु यस कैलारी गाउँपालिकामा रहेको वन क्षेत्रमा कार्यान्वयन गर्नु पूर्व उक्त प्रस्तावहरुका बारेमा वातावरणीय अध्ययन गरी सो सम्बन्धी प्रतिवेदन सम्बन्धित निकायबाट स्वीकृत भएको हुनु पर्नेछ।

(२) यस कैलारी गाउँपालिकाले वातावरण संरक्षण सम्बन्धी प्रचलित कानून बमोजिम आफैले स्वीकृत गर्न पाउने किसिमका वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्दा संक्षिप्त वातावरणीय अध्ययन कार्यविधिमा उल्लिखित मापदण्डको पालना गर्नु पर्नेछ।

(३) यस कैलारी गाउँपालिकाको वन क्षेत्रमा कार्यान्वयन गरिने कुनै पनि प्रस्तावहरुका बारेमा वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्दा यस कैलारी गाउँपालिकाको कार्यपालिका बैठकमा छलफल गरी राय सुझाव र परामर्श लिएको हुनु पर्नेछ।

(४) वातावरणीय अध्ययन प्रतिवेदन तयारी र स्वीकृतीका क्रममा पालना गर्नु पर्ने सार्वजनिक सुनुवाई लगायतका अन्य विषयहरु प्रचलित संघीय कानून बमोजिम हुनेछ।

## परिच्छेद -३

## सामुदायिक वन तथा तालतलैया संरक्षण सम्बन्धी व्यवस्था

**१३. सामुदायिक वन तथा तालतलैया व्यवस्थापन प्रणाली** : (१) यस कैलारी गाउँपालिकामा रहेका वन र तालतलैयालाई आवश्यकता अनुसार समुदायमा आधारित वन र प्रथा जनित वन तथा तालतलैयाको संरक्षण, सम्वर्द्धन गरी व्यवस्थित गरिनेछ।

(२) सामुदायिक वन तथा तालतलैया संरक्षण र व्यवस्थापनको लागि गाउँपालिका स्तरीय सामुदायिक वन तथा तालतलैया सामुदायिक समन्वय समिति रहनेछ।

(३) उपदफा (२) बमोजिमको समितिमा देहाय बमोजिमका पदाधिकारीहरु रहने छन् :-

| | |
|---|---|
| (क) गाउँपालिकाको अध्यक्ष समितिको | अध्यक्ष |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ग) गाउँ वन वातावरण तथा विपद व्यवस्थापन समितिको संयोजक | सदस्य |
| (घ) गाउँ भित्र रहेका सबै सामुदायिक वन उपभोक्ता समितिका अध्यक्षहरु | सदस्य |
| (ङ) गाउँ क्षेत्र भित्र रहेका नेपाल प्रहरीका प्रमुख वा प्रतिनिधि | सदस्य |
| (च) गाउँ क्षेत्र भित्र रहेका वन कार्यालयका प्रमुख | सदस्य |
| (छ) गाउँपालिकाको वन तथा वातावरण शाखा हेर्न तोकिएको कर्मचारी | सदस्य सचिव |

**१४. सामुदायिक वन तथा तालतलैया समन्वय समितिको काम, कर्तव्य र अधिकार** : (१) सामुदायिक वन समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) गाउँ भित्र सञ्चालनमा रहेका सामुदायिक वनहरु र तालतलैयाको संरक्षण तथा सम्वर्द्धनमा सहयोग गर्ने।

कैलारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कैलाली, हसुलिया, सुदूरपश्चिम प्रदेश, नेपाल



राम कुमार चौधरी
गा.पा. अध्यक्ष

(ख) सामुदायिक वनहरुका विभिन्न गतिविधिको सम्वन्धमा समन्वय तथा सुधार गर्नको लागि कार्यपालिकामा पेश गर्ने ।

(ग) सामुदायिक वनको व्यवस्थापन तथा संरक्षणको लागि आवश्यक कार्ययोजना तर्जुमा गरी स्वीकृतिको लागि गाउँ कार्यपालिकामा पेश गर्ने ।

(घ) सामुदायिक वनको संरक्षण सम्वर्द्धन तथा सुधारको लागि आवश्यक नीति तथा योजना तयार गरी स्वीकृतिको लागि गाउँपालिकामा पेश गर्ने ।

(ङ) संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको विषयमा संघ तथा प्रदेश सँग आवश्यक समन्वय गरी वन सुधारका कार्ययोजना तयार गर्ने ।

(च) वातावरण तथा जैविक विविधताको संरक्षण, भूक्षय तथा प्राकृतिक प्रकोप नियन्त्रणको माध्यमवाट वन विकास सम्वन्धी कार्यक्रम तर्जुमा तथा सञ्चालन गर्ने ।

(छ) सामुदायिक वनको सरक्षणको लागि गस्ती परिचालनको व्यवस्था मिलाउने ।

तर समन्वय समितिले आवश्यक निर्णय गरी गस्ती परिचालनको जिम्मा अध्यक्ष वा गस्ती टोली प्रमुखलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(ज) गाउँ कार्यपालिकाले तोकेका अन्य कार्यहरु गर्ने ।

**१५. गस्ती सम्बन्धी व्यवस्था :-** (१) यस कैलारी गाउँपालिका अन्तर्गत सञ्चालनमा रहेका सामुदायिक वनको सरक्षण गर्न तथा वन पैदावारको चोरी निकासी रोक्नको लागि सामुदायिक वन समन्वय समितिको सिफारिसमा नेपाल प्रहरी कर्मचारीको नेतृत्वमा रहने गरी एक गस्ती टोली खटाइनेछ ।

(२) उपदफा १ वमोजिमको गस्ती टोलीमा तपसिलका सदस्यहरु रहनेछन ।

(क) गाउँ क्षेत्रभित्र रहेका नेपाल प्रहरीको सम्वन्धित ईलाका प्रहरी कार्यालयबाट खटाइएको कर्मचारी,

(ख) गाउँ क्षेत्र भित्रका सामुदायिक वनहरुले खटाएका कर्मचारी वा पदाधिकारी

(ग) गाउँपालिकाले तोकेर पठाएका पदाधिकारी वा कर्मचारी

**१६. गस्ती टोलीको काम, कर्तब्य र अधिकार:** (१) गस्ती टोलीको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ,

(क) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा समूहले विना ईजाजत वन वा वनजन्य पदार्थ चोरी निकासी गर्ने, गराउने कार्य गरेमा तत्काल पक्री थुनामा राख्ने व्यवस्था मिलाउने ।

(ख) सामुदायिक वनमा कोही कसैले वन ऐन, नियमावली तथा यस कार्यविधि विपरितका कार्य गरेको पाइएमा त्यस्तो कार्यमा प्रयोग भएका बोझवाहक साधन, औजार तथा यस्तै प्रकृतिका अन्य साधनहरु तत्काल कब्जामा लिई कानून वमोजिम गर्न गराउने ।

(ग) कम्तीमा हप्तामा एक पटक समन्वय समितिले खटाएको बखत वन क्षेत्रभर गस्ती गर्ने तर अत्यावश्यक परेमा अध्यक्ष र गस्ती टोली प्रमुखको आदेशानुसार सो भन्दा बढी समेत गस्ती गर्ने ।

(घ) समन्वय समितिले तोके वमोजिमका अन्य कार्य गर्ने ।

**१७. गस्ती परिचालन सम्बन्धी व्यवस्था :-** (१) समन्वय समितिको सिफारिसमा यस गाउँ क्षेत्रका सबै सामुदायिक वनहरुलाई मिलाई नेपाल प्रहरीको क्षेत्राधिकार अनुसारको क्षेत्र बाँडी यस क्षेत्रमा नेपाल प्रहरीको नेतृत्वमा कम्तीमा दुई वटा गस्ती परिचालन गर्न सकिनेछ ।

(२) प्रत्येक गस्ती टोलीमा बढीमा पन्ध्र जना खटाउन सकिनेछ ।

(३) गस्तीमा खटिने टोलीलाई प्रचलित कानूनको अधिनमा रही हतियार प्रयोग गर्ने अधिकार हुनेछ ।

(४) गस्तीमा खटिने व्यक्तिलाई समन्वय समितिको निर्णय अनुसारको सेवा सुविधा प्रदान गर्न सकिनेछ ।

कैलारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ... कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल



... चौधरी गा.पा. अध्यक्ष

CamScanner

(५) वन सरक्षणमा गस्तीमा खटाउने लगायतका कार्यमा सहयोग गर्नु नेपाल प्रहरी, वन कार्यालय, उपभोक्ता समूह, गाउँपालिका लगायत सरोकारवाला सबैको कर्तव्य हुनेछ ।

१८. **सुराकी सम्बन्धी व्यवस्था** : (१) वन पैदावार चोरी निकाशी रोक्ने कार्यमा सहयोग गर्न जुनसुकै व्यक्तिले समन्वय समिति वा गस्ती टोली प्रमुखलाई सुराकी दिन सक्नेछ ।

(२) सुराकी दिने व्यक्तिलाई सामुदायिक वन समन्वय समितिको निर्णय अनुसार उचित पुरस्कार प्रदान गरिनेछ ।

(३) सुराकी दिने व्यक्तिको नाम, मोबाईल न वा अन्य व्यक्तिगत विवरण गोप्य राखिनेछ ।

१९. **गस्ती टोलीबाट बरामद भएको वन पैदावार सम्बन्धी व्यवस्था** : (१) संघीय तथा प्रादेशिक कानूनमा अन्य व्यवस्था भएकोमा बाहेक गस्ती टोलीले अवैध चोरी निकासीबाट बरामद गरीएका वन पैदावार बिक्रीबाट प्राप्त रकम देहाय बमोजिम बाँडफाँड गरिनेछ ।

(क) कुल रकमको ३० प्रतिशत वन समन्वय समितिलाई,

(ख) ३० प्रतिशत सम्बन्धित सामुदायिक वन उपभोक्ता समितिलाई,

(ग) बाँकि ४० प्रतिशत मध्ये पुरस्कार स्वरुप २५ प्रतिशत सुराकीलाई र १५ प्रतिशत गस्ती टोलीलाई ।

## परिच्छेद -४

## वातावरणीय सेवा सम्बन्धी व्यवस्था

**२०.** वन उद्यमको विकास गर्न सक्ने:-(१) यस कैलारी गाँउपालिकामा रहेका वन उपभोक्ता समूहले उद्योग र वातावरण सम्बन्धी प्रचलित कानून बमोजिमका मापदण्डहरुको पालना गरी वन पैदावारमा आधारित वन उद्यमको स्थापना र विकास गर्न सक्ने छन्।

(२) यस कैलारी गाँउपालिकामा रहेका विभिन्न वन पैदावारमा आधारित उद्योगहरुले सामुदायिक वन, निजी वन र अन्य विभिन्न किसिमका वनबाट प्रचलित कानूनको परिपालना गरी कच्चा पदार्थ प्राप्त गर्न सक्ने छन्।

(३) सार्वजनिक, निजी, सामुदायिक साझेदारीमा पनि वन उद्यम स्थापना र सञ्चालन गर्न सकिने छ र यसका लागि यस ऐन र वन सम्बन्धी प्रचलित संघीय कानून विपरित नहुने गरी उपभोक्ता समूहले यस कैलारी गाँउपालिका, विभिन्न संघ संस्था वा निजी क्षेत्रसँग सम्झौता गर्न सक्ने छन्।

(४) उपभोक्ता समूहले अन्य पक्षसँग साझेदारी गरी वन उद्यम सञ्चालन गर्दा उपभोक्ता समूहहरुको कम्तिमा एकाउन्न प्रतिशत शेयर तथा लगानी भएको हुनु पर्नेछ।

(५) सामुदायिक वन उपभोक्ता समूहले वन उद्यमका लागि वन पैदावारमा आधारित सहकारी संस्था स्थापना गर्न चाहेमा यस कैलारी गाँउपालिकाले आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ।

द्रष्टव्यः यस दफाको प्रयोजनाका लागि वन उद्यम भन्नाले लघु उद्यम, घरेलु उद्योग र वन सहरकारी संस्थालाई जनाउने छ।

कैलारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ... कैलारी सुदूरपश्चिम प्रदेश, नेपाल



... चौधरी गा.पा. अध्यक्ष

२१. पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्ने :-(१) उपभोक्ता समूहले वन व्यवस्थापन कार्ययोजनामा आवश्यक व्यवस्था गरी ... वनमा आधारित पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्ने छन्।

(२) वन क्षेत्रमा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्दा वन व्यवस्थापन कार्ययोजनामा निर्दिष्ट गरिएको क्षेत्र भन्दा बढी वन क्षेत्र प्रयोग गर्न पाइने छैन।

(३) वन उपभोक्ता समूहको पर्यापर्यटन योजना र कार्यक्रम तर्जुमा तथा कार्यान्वयनका लागि यस कैलारी गाँउपालिका र प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले आवश्यक प्राविधिक, आर्थिक तथा अन्य सहयोग उपलब्ध गराउन सक्नेछ।

(४) वनमा आधारित पर्यापर्यटनका लागि उपभोक्ता समूहले यस कैलारी गाँउपालिका वा विभिन्न संघ संस्था वा निजी क्षेत्रसँग सहकार्य गर्न सक्नेछ र उपभोक्ता समूहले यसरी अन्य पक्षसँग साझेदारी गरी पर्यापर्यटन कार्य सञ्चालन गर्दा उपभोक्ता समूहहरुको कम्तिमा एकाउन्न प्रतिशत् शेयर तथा लगानी भएको हुनुपर्नेछ।

(५) उपदफा (४) बमोजिम सहकार्य गर्दा यस ऐन र वन सम्बन्धी प्रचलित संघीय कानून विपरित नहुने गरी आपसी सम्झौता गरी पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(६) सामुदायिक वन उपभोक्ता समूहले सञ्चालन गरेको कुनै पर्यापर्यटन क्षेत्रमा स्वदेशी वा विदेशी व्यक्ति र यातायातका साधन प्रवेश गर्दा साधारण सभाको निर्णय बमोजिमको प्रवेश शुल्क संकलन गर्न सक्नेछ।

तर उपभोक्ता समूहका सदस्यहरुसँग यस्तो प्रवेश शुल्क लिन पाइने छैन।

(७) सामुदायिक वनमा सञ्चालित पर्यापर्यटन कार्यक्रमबाट प्राप्त आम्दानी मध्ये कम्तीमा पच्चिस प्रतिशत रकम पर्यापर्यटन प्रवर्द्धन र कम्तिमा पचास प्रतिशत् रकम महिला र विपन्नवर्गका लागि आयआर्जनका क्रियाकलापहरु सञ्चालन गर्न अनुदानको रुपमा उपलब्ध गराउनु पर्नेछ।

२२. जैविक मार्गको व्यवस्थापन :-(१) यस कैलारी गाँउपालिकामा वन्यजन्तु र चराचुरुङ्गीहरुको आवतजावत गर्ने जैविक मार्गको रुपमा रहेका वनक्षेत्रहरुको संरक्षण, व्यवस्थापन र सदुपयोग सामुदायिक वनका माध्यमबाट गरिने छ।

(२) जैविक मार्गका सामुदायिक वन र वन्यजन्तुको संरक्षणका लागि उपभोक्ता समूहलाई यस कैलारी गाँउपालिका र प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले प्राविधिक तथा आर्थिक र अन्य आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ।

(३) जैविक मार्गमा पर्ने वन क्षेत्रमा आश्रित समुदायलाई जैविक मार्गको वन पैदावार उपयोग गर्नवाट वञ्चित गरिने छैन।

कैलारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ... कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल



... चौधरी गा.पा. अध्यक्ष

(४) जैविक मार्गमा वन्यजन्तुको प्रभावबाट सुरक्षित रहनका लागि उपभोक्ता समूह र यस कैलारी गाँउपालिकाले सचेतना अभिवृद्धि र सुरक्षात्मक उपायहरु अवलम्बन गर्न गराउन सक्नेछ।

२३. <u>सार्वजनिक जग्गामा वन विकास सम्बन्धी व्यवस्था</u>(१) यस कैलारी गाँउपालिकाले वन सम्बन्धी प्रचलित संघीय कानून बमोजिमको प्रक्रिया अवलम्बन गरी आफ्नो क्षेत्र भित्र पहिचान भएका सार्वजनिक जग्गामा सामुदायिक वन उपभोक्ता समूहको माध्यमबाट वनको विकास, संरक्षण, व्यवस्थापन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कामका लागि यस कैलारी गाँउपालिका र प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले उपभोक्ता समूहलाई आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउनु पर्नेछ।

(३) सार्वजनिक जग्गामा गरिएको सामुदायिक वन ब्यवस्थापनबाट प्राप्त वन पैदावार सम्बन्धित उपभोक्ता समूहले उपयोग तथा बिक्री वितरण गर्न सक्नेछ।

(४) सडक र बाटो किनारमा लगाइएको तथा बाटोमा छहारी पर्ने रुखहरु र चौतारा वा यस्तै प्रकृतिका अन्य ठाउँमा लगाइएका रुखहरुले मानवीय जोखिम सिर्जना गर्ने भएमा वा अन्य कुनै कारणले काट्न वा हटाउन पर्ने भएमा यस कैलारी गाँउपालिकाले सडक र वन सम्बन्धी प्रचलित संघीय कानून बमोजिमको प्रक्रिया पूरा गरी त्यस्ता रुखहरु काट्न वा हटाउन सक्नेछ।

(५) उपदफा (४) बमोजिमका काठ विक्री वितरणबाट प्राप्त रकम यस कैलारी गाँउपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

<u>२४. जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलन योजना</u>:- (१) यस कैलारी गाँउपालिकामा जलवायु परिवर्तनका कारण परेको प्रभाव न्यूनीकरणका लागि स्थानीय स्तरका जलवायु अनुकूलन योजना तर्जुमा गरी उपभोक्ता समूह वा प्रभावित स्थानीय समुदाय मार्फत उक्त योजनाहरुको कार्यान्वयन गर्न सकिनेछ।

२५. <u>वन डढेलो नियन्त्रण</u> :-(१) कुनै वनमा वन डढेलो लागेमा यस कैलारी गाँउपालिका प्रदेश सरकारको वन सम्वन्धी कार्यालय, सुरक्षा निकाय, सम्बन्धित वन उपभोक्ता समूह र निजी जग्गावालाहरु समेतको पहलमा वन डढेलो नियन्त्रण गर्नु पर्नेछ।

(२) यस कैलारी गाँउपालिकाले वन डढेलो नियन्त्रणका लागि वन उपभोक्ता समूह मार्फत सचेतना र क्षमता अभिवृद्धि तथा डढेलो नियन्त्रणको प्रविधि तथा सूचना संयन्त्र विकास गर्ने र समन्वयका लागि आवश्यक कार्यहरु गर्नु पर्नेछ।

कैलारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ..., कैलाली ... प्रदेश, नेपाल



... चौधरी
गा.पा. अध्यक्ष

(३) वन डढेलो नियन्त्रणमा खटिदा कुनै व्यक्तिलाई क्षति हुन गएमा सोको मूल्यांकन गरी यस कैलारी गाँउपालिका र सम्बन्धित उपभोक्ता समूहले राहत तथा अन्य आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ।

(४) वन डढेलोका कारण वा वन डढेलो नियन्त्रण गर्न जाँदा कुनै व्यक्ति घाइते वा मृत्यू भएमा त्यस्ता व्यक्तिले बीमा रकम पाउने गरी यस कैलारी गाँउपालिका र यसको क्षेत्र भित्र रहेका सामुदायिक वन उपभोक्ता समूहहरुको सहकार्यमा सामुहिक बीमा कार्यक्रम सञ्चालन गर्न सकिनेछ र यस कार्यमा सामुदायिक वन उपभोक्ता महासंघ, नेपालले समन्वय र सहजीकरण गर्न सक्नेछ।

(५) कसैले वन क्षेत्रमा आगो लगाएमा वा आगो लाग्न सक्छ भन्ने कुरा थाहा हुँदाहुँदै लापरवाही गरी वनमा आगो लगाएमा वन सम्बन्धी प्रचलित संघीय कानून बमोजिम कारवाही र दण्ड सजाय हुनेछ।

२६. स्थानीय वातावरण संरक्षण योजना :-(१) यस कैलारी गाँउपालिकाले वातावरण संरक्षण योजना तर्जुमा र कार्यान्वन गर्दा सामुदायिक वन उपभोक्ता समूहसँग समन्वय र सहकार्य गर्नुपर्नेछ।

(२) यस कैलारी गाँउपालिकामा रहेको वनक्षेत्र, नदी, खोलानाला, सार्वजनिक जग्गा र अन्य प्राकृतिक तथा सांस्कृतिक सम्पदा रहेका क्षेत्रहरुमा फोहर मैला विसर्जन गर्न गराउन पाइने छैन।

(३) यस कैलारी गाँउपालिकामा वातावरण संरक्षणका कार्यहरु गर्दा सामुदायिक वनका माध्यमबाट गर्नुपर्नेछ।

२७. वृक्षारोपण कार्यक्रम सञ्चालन:- (१) यस कैलारी गाँउपालिकाले प्रत्येक वडामा उपभोक्ता समूह वा वन सहकारी संस्था वा वन उद्यमको माध्यमबाट कम्तिमा एउटा नर्सरी स्थापना गर्नका लागि आवश्यक व्यबस्था गरी सोको लागि अनुदान उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना गरिने नर्सरीमा रोजगारी प्रदान गर्दा सम्बन्धित क्षेत्रमा रहेका विपन्न परिवारलाई प्राथमिकता दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम स्थापित नर्सरीमा किसान, निजी वन तथा वन उपभोक्ता समूहको माग अनुसारका रैथाने र पारिस्थितिकीय प्रलाणीमैत्री व्यावसायिक विरुवाहरुको उत्पादन र विक्री वितरण गर्न प्राथमिकता दिनुपर्नेछ।

(४) वन उपभोक्ता समूह, किसान तथा निजी वन वालाहरुलाई निःशुल्क वा न्यूनतम शुल्कमा विरुवा उपलब्ध गराई वनक्षेत्र, नदी किनार, नदी उकास क्षेत्र, नहर किनार, सडक किनार, सार्वजनिक जग्गा, खाली जग्गा, पाखो जग्गा, वन विनास भएको क्षेत्र र निजी जग्गामा

कैलारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ... कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल



... चौधरी
गा.पा. अध्यक्ष

वृक्षारोपणका लागि यस कैलारी गाँउपालिका र प्रदेश सरकारको वन सम्बन्धी कार्यालयबाट अनुदान उपलब्ध गराउन आवश्यक रकम विनियोजन गर्नुपर्नेछ।

(५) यस कैलारी गाँउपालिकामा फैलिएका मिचाहा प्रजाती नियन्त्रण गरी वा हटाई उक्त क्षेत्रमा वृक्षारोपण गर्न चाहने वन उपभोक्ता समूह वा निजी जग्गावालालाई यस कैलारी गाँउपालिकाले प्राविधिक तथा आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछ।

२७. <u>निजी वन दर्ता सम्बन्धी व्यवस्था</u>:-(१) निजी वन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले निजी वन दर्ताको लागि प्रदेश सरकारको वन सम्बन्धी कार्यालयको सिफारिस सहित यस कैलारी गाँउपालिकामा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै निवेदन परेमा आवश्यक जाँचबुझ गरी यस कैलारी गाँउपालिकाले नीजि वन दर्ता गरी प्रमाणपत्र दिनेछ।

(३) उपदफा (२) बमोजिम निजी वन दर्ता गरेको विवरण सहितको जानकारी यस कैलारी गाँउपालिकाले प्रदेश सरकारको वन सम्बन्धी कार्यालयलाई गराउनेछ।

२८. <u>निजी वनको व्यवस्थापन र वन पैदावार परिचालन</u> :-(१) निजी वनको धनीले निजी वनको विकास, संरक्षण, व्यवस्थापन गर्ने तथा निजी वनको वन पैदावारको उपयोग गर्ने वा स्वतन्त्र रुपमा मूल्य निर्धारण गरी बिक्री वितरण गर्न सक्नेछ।

(२) निजी वनको धनीको अनुरोधमा उपदफा (१) बमोजिमको कामका लागि यस कैलारी गाँउपालिका र प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउन सक्नेछ।

(३) व्यावसायिक प्रयोजनको लागि निजी वन वा निजी आवादीमा रहेका वन पैदावारको सङ्कलन तथा ओसारपसार यसै कैलारी गाँउपालिकाको क्षेत्र भित्र गर्नु परेमा यस कैलारी गाँउपालिकाबाट स्वीकृति लिनु पर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि निजी वनको वनपैदावार व्यावसायिक प्रयोजनको लागि यस कैलारी गाँउपालिकाको क्षेत्रबाट अन्य कुनै स्थानीय तहको क्षेत्रमा वनपैदावारको बिक्री वितरण र ओसारपसार गर्नु परेमा प्रदेश सरकारको वन सम्बन्धी कार्यालयबाट स्वीकृति लिनुपर्नेछ।

(५) घरायसी प्रयोजनको लागि यस कैलारी गाँउपालिकाको क्षेत्रबाट जिल्ला भित्रको कुनै स्थानीय तहमा वनपैदावार बिक्री वितरण तथा ओसार पसार गर्नु परेमा यस कैलारी गाँउपालिकाबाट सङ्कलन तथा ओसार पसार गर्ने स्वीकृती लिनु पर्नेछ।

कैलारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
कुसुलिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल



... समफ चौधरी
गा.पा. अध्यक्ष

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि कैलारी गाँउपालिकाबाट अन्य जिल्लामा घरायसी प्रयोजनका लागि वन पैदावार बिक्री वितरण तथा ओसारपसार गर्नु परेमा प्रदेश सरकारको वन सम्बन्धी कार्यालयबाट स्वीकृति लिनु पर्नेछ।

## परिच्छेद -५

## सामुदायिक वन संरक्षण विशेष कोष सम्बन्धी व्यवस्था

**२९. सामुदायिक वन संरक्षण विशेष कोष :** (१) गाउँपालिकामा एक सामुदायिक वन संरक्षण कोष रहनेछ।

(२) उपदफा १ बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन्।

(क) गाउँपालिकाबाट प्राप्त अनुदान वा रकम,

(ख) वन ऐन नियमावलीमा उल्लेख भएको वन संरक्षणको लागि सामुदायिक वनले खर्च गर्ने गरी तोकिएको रकमको अतिरिक्त पहिलो वर्षको लागि सामुदायिक वनको कारोवारको पाँच प्रतिशत रकम,

तर, दोस्रो वर्ष देखी कुल वार्षिक बजेटको ७५ प्रतिशत रकम सामुदायिक वनले रु २५ प्रतिशत रकम गाउँपालिकाले बेहोर्ने गरी खर्च व्यवस्थापन गर्ने।

(ग) दण्ड जरिवानावाट प्राप्त रकम,

(घ) दान दातव्य तथा पुरस्कारवाट प्राप्त रकम,

(ङ) विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम,

(च) वन रोयल्टीबाट प्राप्त रकम,

(च) अन्य तोकिए बमोजिमका रकमहरु,

**३०. कोषको रकम खर्च गर्ने सम्बन्धी व्यवस्था :** (१) दफा २९ बमोजिमको कोषमा जम्मा भएको रकम देहायका कार्यमा खर्च गर्न सकिनेछ :

(क) गस्ती टोलीमा गरिने खर्च,

(ख) सुराकीलाई दिइने पुरस्कार रकम,

(ग) सामुदायिक वन संरक्षणमा हुने प्रशासनिक खर्च,

(घ) गस्ती टोलीमा खटिने व्यक्तिको औषधि उपचार तथा बिमा खर्च,

(ङ) समन्वय समितिको निर्णय अनुसार गस्ती टोलीलाई दिइने अन्य खर्च,

(च) वन पैदावार चोरी निकासीमा संलग्न व्यक्तिलाई हिरासतमा राख्नु पर्ने भएमा सोमा दिइने सिदा वा खाना खर्च।

(२) उपदफा १ बमोजिमका रकम खर्च गर्नु अघि गाउं कार्यपालिकाको बैठकबाट निर्णय गराउनु पर्नेछ।

तर आकस्मिक कार्यमा खर्च गर्नु परेमा खर्च गरेको रकमको पुष्ट्याई सहित अनुमोदन गर्ने गरी खर्च गर्न यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन।

(३) कोषको सञ्चालन गाउं कार्यपालिकाबाट हुने गरी खाता सञ्चालन हुनेछ।

(४) कोषको लेखा परीक्षण गाउँपालिकाले तोकेको लेखा परीक्षकबाट गरिनेछ।

(५) कोषको लेखा परीक्षण प्रतिवेदन गाउं कार्यपालिकाबाट अनुमोदन गराउनु पर्नेछ।

कैलारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बछुलिया, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल



... समता चौधरी गा.पा. अध्यक्ष

## परिच्छेद -६
## विविध

**३१. अनुगमन सम्बन्धी व्यवस्था** : (१) गाउँपालिका अन्तर्गत गठित सामुदायिक वनको क्षेत्राधिकार अन्तर्गत भए गरेका समग्र कार्यहरुको अनुगमन गर्न एक गाउँपालिका स्तरीय अनुगमन समिति गठन गरिनेछ ।

(२) उपदफा (१)बमोजिमको अनुगमन समितिमा तपसिलका पदाधिकारीहरु रहनेछन् ।

(क) अध्यक्ष वा निजले तोकेको गाउँ कार्यपालिका सदस्य - अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी - सदस्य

(ग) सामुदायिक वन उपभोक्ता समूहहरु मध्ये समितिले तोकेको दुई जना महिला सहित चार जना - सदस्य

(घ) सुरक्षा निकायको एक जना प्रतिनिधि - सदस्य

(ङ) वन कार्यालयको प्रतिनिधि एक जना - सदस्य

(च) वन तथा वातावरण शाखा हेर्ने व्यक्ति सदस्य - सचिव

**३२. दण्ड जरिवाना सम्बन्धी व्यवस्था :-** वन पैदावार चोरी निकासीमा संलग्न व्यक्ति वा मतियारलाई संघीय तथा प्रदेश कानूनमा उल्लेख भएकोमा सोही अनुसार दण्ड जरिवाना गरिनेछ र उल्लेख नभएका विषयमा सामुदायिक वन समन्वय समितिले निर्णय गरी तोके बमोजिम दण्ड जरिवाना गरिनेछ ।

**३३. बचाउ, खारेजी र बाझिएमा** :(१) संघीय तथा प्रदेश कानूनमा उल्लेख भएकोमा सोही अनुसार तथा उल्लेख नभएका विषयमा यसै ऐन बमोजिम हुनेछन् भने यस पालिकाभित्र रहेका तालतलैयाँहरुको संरक्षण, सम्वर्द्धन र मत्यस्यपालन कार्यका लागि नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाई कार्यान्वयन गरिनेछ ।

(२) यो ऐन वा यस ऐनमा गरिएका व्यवस्थाहरु संघीय तथा प्रदेश कानूनमा गरिएका व्यवस्थासँग बाझिन गएमा बाझिएको हदसम्म यो ऐनका सम्बन्धित दफाहरु निष्कृय रहने छन् ।

जानकी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ... कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

... चौधरी गा.पा. अध्यक्ष

अनुसूची -१
दफा ७ को उपदफा (२) सँग सम्वन्धित

**उपभोक्ता समूहले समूह दर्ता/सूचिकृतको लागि दिने निवेदनको ढाँचा**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
कैलारी गाउँपालिका, हसुलिया, कैलाली ।

विषय : वन उपभोक्ता समूह दर्ता गरी पाऊँ ।

वन ऐन, २०४९ तथा नियमावली, २०५१ वमोजिम दर्ता भएको ................ सामुदायिक वन उपभोक्ता समूह यस कैलारी गाउँपालिकाको सामुदायिक वन सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० मा भएको व्यवस्था अनुसार दर्ता सूचिकृत गरी पाउन सोको विधान संलग्न गरी पेश गरेका छौं । उपभोक्ता समूह दर्ता सूचिकृत गरी सोको जानकारी पाउन अनुरोध गरेका छौं ।

निवेदक
दस्तखत : ..........................................
नामथर : ..........................................
पदः ..........................................
मिति : ..........................
उपभोक्ता समूहका पदाधिकारी विवरण

कैलारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हसुलिया, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

राज समझा चौधरी
गा.पा. अध्यक्ष

अनुसूची -२
दफा ७ को उपदफा (३) सँग सम्बन्धित

**उपभोक्ता समूह दर्ताको प्रमाणपत्रको ढाँचा**

**कैलारी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**हसुलिया, कैलाली**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**उपभोक्ता समूह दर्ताको प्रमाणपत्र**

दर्ता न. मिति :-

श्री ………………… उपभोक्ता समूह
हसुलिया ……… कैलारी ।

यस कार्यालयको मिति …………………… को निर्णय अनुसार कैलारी गाउपालिकाको सामूदायिक वन सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० ले दिएको अधिकार प्रयोग गरी त्यस उपभोक्ता समूहलाई यस गाउपालिकामा दर्ता गरी यो प्रमाण पत्र दिइएको छ ।

उपभोक्ता समूहको विवरण
उपभोक्ता समूहको क्षेत्र :-
घरधुरीको सख्या :-
कुल जनसंख्या :-
प्रमाणपत्र दिने अधिकारीको :
नाम :-
दर्जा :-
दस्तखत :-
मिति :-

| नवीकरण गरेको मिति | दर्ताको प्रमाणपत्र वहाल रहने अवधि | नवीकरण दस्तुर ५ प्रतिशतले हुने रकम | रसिद नं. | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |

प्रमुख प्रशासकीय अधिकृत
कैलारी गाउँ कार्यपालिकाको कार्यालय,
हसुलिया, कैलाली